# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७६।१२।०७ गते।

# प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरिएको।**

नेपाल विद्युत् प्राधिकरण, ग्रिड महाशाखा चौकिटोल, हेटौंडामा कार्यरत हेल्पर लोकनाथ खनालको शैक्षिक योग्यताको प्रमाण-पत्र नक्कली रहेको भन्ने उजुरी सम्बन्धमा अनुसन्धान हुँदा निजले नेपाल माध्यमिक विद्यालय अमलेखगञ्ज, बाराबाट कक्षा ९ पास गरेको झुठ्ठा शैक्षिक योग्यताको प्रमाण-पत्र मिति २०५४ सालमा पेश गरी सरकारी सेवामा ज्यालादारी र २०६८ सालमा जुनियर हेल्पर पदमा स्थायी नियुक्ति भई लाभसमेत लिएको पुष्टि हुन आएकोले निजले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) द्वारा परिभाषित कसुर गरेको देखिएकोले निज लोकनाथ खनाललाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र दफा २९ को उपदफा (२) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

प्रवक्ता<br>
प्रदीपकुमार कोइराला